# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको

## चामल खरिद सम्बन्धि बोलपत्र आह्वानको सूचना

**प्रकाशित मितिः २०८१/०१/२६**

यस कम्पनीलाई तपशिलमा उल्लेख भए अनुसारको परिमाण, किसिम र निर्धारित गुणस्तर बमोजिमको चामल खरिद गर्नुपर्ने भएकोले स्थायी लेखा नं.(PAN) इजाजत प्राप्त इच्छुक मिल, फर्म, संस्था वा कम्पनीबाट तपशिलका शर्तहरुको अधिनमा रहने गरी विद्युतीय माध्यमबाट रितपूर्वक बोलपत्र पेश गर्न आह्वान गरिएको छ।

| क्र.सं. | चामल बुझाउने कार्यालय/ स्थान | चामलको किसिम | परिमाण (क्वी. मा) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | प्रादेशिक कार्यालय, विराटनगर | अरुवा सोना चामल | ५००० | ८३७००० | १०००० |
| २. | मुख्य शाखा कार्यालय, लहान | अरुवा सोना चामल | ५००० | ८१२००० | १०००० |
| ३. | शाखा कार्यालय, विरगंज | अरुवा सोना चामल | ५००० | ८०७३०० | १०००० |
| | | अरुवा मोटा चामल | ५००० | ७९६५०० | |
| ४. | प्रादेशिक कार्यालय, भैरहवा | अरुवा मोटा चामल | ५००० | ८५५५०० | १०००० |
| | | अरुवा सोना चामल | २००० | ३४५५२० | |
| ५. | मुख्य शाखा कार्यालय, नेपालगंज | अरुवा मोटा चामल | १०००० | १५९३५०० | १०००० |
| | | अरुवा मध्यम चामल | ५००० | ८६१००० | |
| ६. | मुख्य शाखा कार्यालय, राजापुर | अरुवा मोटा चामल | २०००० | ३४१६००० | १५००० |
| ७. | प्रादेशिक कार्यालय, धनगढी | अरुवा मोटा चामल | १५००० | २४०९०५० | १०००० |
| ८. | मुख्य शाखा कार्यालय, तुलसीपुर | अरुवा मोटा चामल | ५००० | ८२६००० | १०००० |

नोटः– यो सूचना प्रकाशित भएको मिति देखि २०८१/०२/२५ गते दिनको १२:०० बजे सम्म बोलपत्र खरिद/पेश गरी सक्नु पर्नेछ।

१ बोलपत्रदाताले माथी उल्लेख भए बमोजिमको बोलपत्र दस्तुर र बिडबण्ड धरौटी रकम बापत कम्पनीको नेपाल बैंक लिमिटेड, धर्मपथ काठमाण्डौमा रहेको चल्ती खाता नं. ००२००१००५०२४२४००००००१ मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा नगद जम्मा गरेको सक्कल भौचर वा बिडबण्ड धरौटी रकम कुनै (क) वर्गको वाणिज्य बैंकले श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय काठमाण्डौको नाममा जारी गरेको बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १५० दिन अवधी भएको नियमानुसार बैंक जमानीपत्र संलग्न गर्नुपर्नेछ।

२ इच्छुक बोलपत्रदाताले PPMO को e-GP system, www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरी बोलपत्रकागजातमा उल्लेखित निर्देशन बमोजिम गरी मिति २०८१/०२/२५ गते दिनको १२:०० बजे सम्ममा खरिद/पेश गरी सक्नुपर्नेछ।पेश हुन आएका बोलपत्रहरु सोहि दिनको २:०० बजे प्रधान कार्यालय, काठमाडौंमा खोलिनेछ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। बोलपत्र बुझाउने तथा खोल्ने पूर्वनिर्धारित समयमा e-Gp site मा सो सम्बन्धमा कुनै फेरबदल भै सो को सूचना प्राप्त भएमा सोहि अनुसार हुनेछ।

३ माथि उल्लेखित परिमाण माथि उल्लेखित कार्यालयमा सम्झौता भएको मितिले १२० (एक सय बिस) दिन भित्र बुझाउनु पर्नेछ। कम्पनीको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ। वोलपत्र पूर्ण वा आंशिक रुपले स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कम्पनीमा रहनेछ।

४ चामल खरिद/विक्री सम्वन्धि अन्य शर्तहरु बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

५ विद्युतीय माध्यम अन्तर्गत www.bolpatra.gov.np/egp बाट आवश्यक प्रकृया पूरा गरी बोलपत्र पेश गरे पश्चात सोको सक्कल कागजात (Hard Copy) यथाशिघ्र खरिद एकाई, प्रधान कार्यालय काठमाडौंमा पेश गर्नु पर्नेछ ।

६ यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा निम्न ठेगानामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ।

**प्रधान कार्यालय, खरिद एकाई, भद्रकाली प्लाजा, काठमाडौं फोन नं ०१५३६०८४४ website:www.fmtc.org.np**

**e-mail: kharidekaifmtcl@gmail.com**